पत्रोत्तरमा पत्र संख्या मिति उल्लेखित हुन अपेक्षित छ ।

नेपाल सरकार
# वन तथा वातावरण मन्त्रालय
कर्मचारी प्रशासन शाखा

EX: पो .ब. नं. : ३९८७
सिंहदरबार, काठमाण्डौं

पत्र संख्या : क.प्र./१६।१९ /०७६/७७ न १००५

"सक्षम निजामती प्रशासन : विकास समृद्धि र सुशासन"

चलानी नं.:

प्राप्त पत्र संख्या र मिति :-

मिति : २०७६।७।१७

विषय: निर्णय कार्यान्वयन सम्वन्धमा ।

श्री प्रशासन/ योजना अनुगमन तथा समन्वय/ जलबायु परिवर्तन व्यवस्थापन /सहभागितामूलक वन/ वातावरण तथा जैविक विविधता /वन तथा जलाधार महाशाखा/आर्थिक प्रशासन/ कानुन तथा फैसला कार्यान्वयन/शासकीय सुधार शाखा ।
श्री वन तथा भू संरक्षण विभाग, ववरमहल ।
श्री राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग, ववरमहल ।
श्री वनस्पति विभाग, थापाथली ।
श्री वातावरण विभाग, ववरमहल ।
श्री वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, ववरमहल ।
श्री रेड कार्यान्वयन केन्द्र, ववरमहल ।
श्री राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति, खुमलटार, ललितपुर ।
श्री राष्ट्रिय प्रकृति संरक्षण कोष, खुमलटार, ललितपुर ।
श्री जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड, कोटेश्वर ।
श्री नेपाल वन निगम लिमिटेड, ववरमहल ।

माननीय मन्त्रीज्यूको अध्यक्षतामा श्रीमान् सचिवज्यू, महाशाखा प्रमुख एंव विभागीय प्रमुखहरु तथा संस्थान समितिका पदाधिकारीहरुको उपस्थितिमा मिति २०७६।७।१५ मा बसेको बैठकको निर्णयको प्रतिलिपि पाना एक कार्यान्वयनको लागि यसै साथै संलग्न गरी पठाईएको छ । ताहाँसंग सम्वन्धित विषयहरु कार्यान्वयन गरी सोको प्रगति समेत यस मन्त्रालयमा पठाउनु हुन आदेशानुसार अनुरोध छ ।

सादर अवगतार्थ :–
माननीय मन्त्रीज्यूको निजी सचिवालय, वन तथा वातावरण मन्त्रालय ।
श्रीमान् सचिवज्यूको सचिवालय, वन तथा वातावरण मन्त्रालय ।

(रेवती प्रसाद सापकोटा)
उपसचिव

फोन नं.:-४२११७०३, ४२११७३७, ४२११५९९, ४२११८६४ फ्याक्स नं.:- ४२११८६८

निर्णयहरु : -

मिति २०७६।७।१५

- चालु आ.व को प्रथम चौमासिकमा सम्पन्न गर्न तोकिएका कार्यक्रमहरु समयावधि भित्रै सम्पन्न गरी समीक्षा बैठकमा प्रगति विवरण पेश गर्ने ।

- मन्त्रालयसंग सरोकार भएका ऐनहरुको नियमावलीमा संशोधन गर्नुपर्ने विषयहरुलाई प्राथमिकता दिई संशोधन मस्यौदा तयार गर्ने ।

- चालु आ.व को कार्यक्रममा समावेश गरिएका राष्ट्रिय गोष्ठीहरुको मिति र कार्यक्रम तय गरी आ-आफ्नो निकायले तयार गरेको गोष्ठी कार्यक्रमको अवधारणा सहित मन्त्रालयमा पठाउने ।

- मन्त्रालयको Website मा मन्त्रालयका सम्पादित कामहरुलाई निरन्तर समावेश गर्ने एंव राष्ट्रिय /अन्तराष्ट्रिय महत्वका सन्धि सम्झौता र सहभागिताका तस्विरहरु समावेश गरी Website लाई Update र आर्कषक बनाउने ।

- सूचनाको हक सम्वन्धी ऐन, २०६४ अनुसार मन्त्रालयका गतिविधि सम्वन्धी सूचना प्रवाहलाई प्रभावकारी बनाउन Pro-active Discloser को व्यवस्थालाई तदारुकता दिई सूचना प्रवाह व्यवस्थित गर्ने ।

सचिव